रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २ रामग्राम, असार १० गते, २०७६ साल संख्या १

## भाग-१

## रामग्राम नगरपालिकाको विनियोजन ऐन, २०७६

रामग्राम नगरपालिका, नवलपरासी को आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७६/०३/१०

<u>प्रस्तावना :</u> रामग्राम नगरपालिका, नवलपरासीको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम रामग्राम नगरपालिका, नवलपरासीको नगर सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यस ऐनको नाम "रामग्राम नगरपालिका, नवलपरासीको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>आर्थिक वर्ष २०७६/७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u> (१)आर्थिक वर्ष २०७६/७७को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७५,०८,४४,२७६.०० (अक्षेरुपी रुपैयाँ पचहत्तर करोड आठ लाख चवालिस हजार दुइ सय छयत्तर मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७को निमित्त रामग्राम नगरपालिका, नवलपरासीको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बितीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १

दफा -२ संग सम्बन्धित

नेपालको संविधानको धारा २२९ बमोजिम

स्थानीय संचित कोषबाट विनियोजन हुने रकम

| सि.नं. | बजेट उपशीर्षक | कोषको प्रकार | | | जम्मा |
|---|---|---|---|---|---|
| | | चालु | वित्तीय | पूंजीगत | |
| १ | ८०५४७४०२१०१ रामग्राम नगरपालिका | १५१५५८४००.०० | २५०००००.०० | २८६५५१८७६.०० | ४४०६१०२७६.०० |
| २ | ८०५४७४०२२०१-१८ वडा कार्यालय | १३५५५०००.०० | | ८००८४०००.०० | ९३६३९०००.०० |
| ३ | ८०५४७४०२३०१-०३ विषयगत शाखा | २५३५५०००.०० | | ५९४००००.०० | ३१२९५०००.०० |
| ४ | ८०५४७४०२५०१ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | १७५९४५०००.०० | | ९३५५०००.०० | १८५३०००००.०० |
| **जम्मा** | | **३६६४१३४००.००** | **२५०००००.००** | **३८१९३०८७६.००** | **७५०८४४२७६.००** |

प्रमाणीकरण मिति: २०७६/३/१०

आज्ञाले

बाबुलाल रेग्मी

प्रमुख प्रशासकीय अधिकृत